कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:- pfcokarnali123@gmail.com
Website: stco.karnali.gov.np

पत्र संख्याः-२०७६।०७७
चलानी नं. ६६७

मितिः-२०७७।०३।२२

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्वास्थ्य सेवा निर्देशनालय,
वीरेन्द्रनगर,सुर्खेत ।

प्रस्तुत बिषयमा तहाँ निर्देशनालयको प.सं २०७६/०७७ च.नं. १२०४ मिति २०७७/०३/०८ को पत्रबाट कोभिड-१९ को जोखिम भत्ता, कर्णाली प्रदेश सरकारले उपलब्ध गराएको मासिक प्रोत्साहन भत्ता र प्रयोगशाला भत्तामा देखिएको द्विविधा सम्बन्धमा स्पष्ट पारिदिने भनि लेखि आएकोमा यस कार्यालयको च.नं.६५२ मिति २०७७/०३/१७ बाट श्री आर्थिक मामिला तथा योजना मन्त्रालयमा आवश्यक निर्देशनका लागी अनुरोध गरि पठाएकोमा सो मन्त्रालयको प.सं.२०७६/७७ च.नं. ११६७ मिति २०७७/०३/२१ को पत्रबाट कर्णाली प्रदेश सरकार (मा. मन्त्रीस्तर) को मिति २०७७/०३/२१ को निर्णय अनुसार तपशिल बमोजिमको निर्णय कार्यान्वयनको लागि लेखि आएकोले सो बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपशिलः

१.दैनिक भ्रमण भत्ता पाउने गरि काजमा खटिएको कर्मचारीले सो अवधिको कोभिड-१९ को लागी पाउने जोखिम भत्ता रकम नपाउने ।
२.कर्णाली प्रदेश सरकारले उपलब्ध गराएको कर्मचारी प्रोत्साहन भत्ता वा कोभिड-१९को जोखिम भत्ता मध्ये कर्मचारीले रोजेको एक सुविधा उपलब्ध गराउने ।
३.संघीय सरकारको निर्णय अनुसार प्रयोगशालामा काम गर्ने कर्मचारीहरुले सुरु तलबको २५ प्रतिशत जोखिम भत्ता रकम हाल खाईपाई आएको अवस्थामा कोभिड-१९को जोखिम भत्ता पाउने समयमा उक्त भत्ता नपाउने ।

(मान बहादुर बम)
प्रदेश लेखा नियन्त्रक

बोधार्थ तथा कार्यार्थः
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत ।
श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत ।
श्री प्रदेश लेखा इकाई कार्यालय (को.ले.नि.का.) हरु सबै ।

प्रदेश लेखा नियन्त्रक

"नतिजामुखि प्रशासन समृद्धि र सुशासन"